गुजरा नगरपालिकाको उप प्रमुख श्री रत्न लामाले गुजरा नगरपालिकाको नगर सभाको १४ औं अधिवेशनमा प्रस्तुत गर्नुभएको

आगामी आर्थिक बर्ष २०८३/०८४ को बजेट तथा आय व्ययको सारांश

आदरणीय नगरसभा अध्यक्ष ज्यू,

१. गुजरा नगरपालिकाको यस गरिमामय नगर सभाको १४ औं अधिवेशनमा नगर उप प्रमुखको हैसियतमा गुजरा नगरपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट प्रस्तुत गरिरहँदा अत्यन्तै खुशी महसुस गरेको छु ।

२. आर्थिक वर्ष २०८३/०८४ को वजेट तर्जुमा गर्दा नेपालको संविधान प्रदत स्थानीय तहको अधिकारहरु, नागरिकको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व, संघीय आवधिक योजना, मधेश प्रदेशको आवधिक योजनाले अंगिकार गरेको उद्देश्य, लक्ष्य, नीति र कार्यक्रमहरु, प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रमहरु, दिगो विकासका लक्ष्यहरु, पूर्व बजेट छलफलका क्रममा आदरणीय नगरसभा अध्यक्षज्यू तथा नगरसभा सदस्यज्यूहरुले प्रदान गर्नु भएको रचनात्मक सुझावहरु विभिन्न विद्वान, स्थानीय सरोकारवालाहरुवाट प्राप्त राय सुझाव एवम् स्थानीय सरकारवाट विगतमा भएका महत्वपूर्ण कार्यक्रमहरुलाई आगामी आर्थिक वर्षको वजेट तर्जुमाको प्रमुख मार्ग दर्शनको रुपमा लिएको छु ।

आदरणीय नगरसभा अध्यक्ष ज्यू,

आगामी आ.व. २०८३/०८४ को आय व्यय पेश गर्नु भन्दा पहिला म चालु आ.व.को कार्यक्रमहरुको समिक्षा गर्न चाहन्छु ।

गत आ.व.को नगरसभाले स्विकृत गरेका नीति तथा कार्यक्रमहरु जेन्जी आन्दोलन २०८२ वाट प्रभावित भए पनि चालु आ.व.मा समयमानै सम्पन्न हुने अवस्थामा रहेका छन् । १२ औं अधिवेशनबाट कुल रु.६८ करोड ८४ लाख ९६ हजारको आय स्वीकृत गरिएकोमा हालसम्म रु.३९ करोड ५२ लाख ३५ हजार आय भएको र आ.व.को अन्त्यसम्ममा रु.६५ करोड बराबरको आय हुने अनुमान गरिएको छ । त्यसै गरी कुल रु.६८ करोड ८४ लाख ९६ हजारको व्यय अनुमान गरिएकोमा हालसम्म रु.२९ करोड ४८ लाख ७२ हजार खर्च भएको र आ.व.को अन्त्यसम्ममा रु.६४ करोड ८० लाख व्यय हुने अनुमान गरिएको छ । चालु आ.व.मा संचालन गरिएका कार्यक्रमहरुवाट मूलतः सडक ढलान, नाला निर्माण, विद्यालय भवन, कलभर्ट निर्माण, सार्वजनिक भवनहरु निर्माणका कार्यहरु भएका छन् । यातायातको विकास र निजि क्षेत्रसंगको प्रतिस्पर्धाका कारण सार्वजनिक विद्यालयमा समेत स्कूल बसहरुको माग भई यस न.पा.बाट चालु आ.व. मा १ थान स्कूल बस खरिद गरिएको छ । नगर अस्पतालका लागि अल्ट्रासाउण्ड मेसिन, वेड, अक्सिजन आउटलेट लागायतका इक्यूपमेन्टहरु प्राप्त हुने चरणमा रहेका छन् । चिकित्सक, नर्स लगायतका जनशक्ति विज्ञापन भई प्राप्त हुने अवस्थामा रहेको छ र तत्काल नगर अस्पताल पूर्ण रुपमा संचालनमा ल्याईने बेहोरा समेत जानकारी गराउन चाहन्छु । धार्मिक तथा पर्यटकीय क्षेत्र तर्फ, मन्दिर, मस्जिद, गुम्बाहरुमा नगरपालिकाले आवश्यक सहयोग गरिरहेको बेहोरा अवगतनै छ । सामुदायीक विद्यालयहरुमा भवन निर्माणका अतिरिक्त दिबा खाजा, पाठयपुस्तक, कम्प्यूटर तथा फर्निचर आपूर्तिको लागि निरन्तर बजेट बिनियोजन भई कार्यान्वयन भई आएको छ । आर्थिक रुपले पिछडिएका विपन्न, जेहेन्दार छात्र/छात्राहरुलाई एम.वि.वि.एस. शिक्षा लगायतका विषयमा अध्ययनका लागि छात्रबृति प्रदान गरिएको छ । आँखा शिविर, अपाङ्गता भएका व्यक्तिहरुका लागि शिविर संचालन समेत गरिएको छ ।

आदरणीय नगरसभा अध्यक्ष ज्यू,

अव म आगामी आर्थिक वर्षको बजेटको उद्देश्य पेश गर्न चाहन्छु ।

- सफा, सुन्दर एवम् पहुँच योग्य पूर्वाधार निर्माण गर्ने।
- कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरि खाद्य सुरक्षाको सुनिश्चितता गर्ने ।
- महिला, दलित, गरिब, अपाङ्ग, मधेशी, आदिवासी जनजाति, अल्पसङ्ख्यक र आर्थिक तथा सामाजिक रुपमा विपन्न खस आर्यहरुको मूल प्रवाहिकरण गर्ने ।
- सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्य र साझेदारी मार्फत आर्थिक गतिविधिलाई गतिशील बनाउने ।
- दक्ष, सबल, सक्षम एवम् प्रविधिमैत्री जनशक्तिको विकास गर्ने ।
- संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य मार्फत विकासका लक्ष्यहरु हासिल गर्ने ।

आदरणीय नगरसभा अध्यक्ष ज्यू,

बजेटका उद्देश्यहरु प्राप्त गर्न तपसिल बमोजिमको प्राथमिकता निर्धारण गरिएको छ ।

- अधुरा रहेका भौतिक पूर्वाधारहरुलाई सम्पन्न गर्ने,
- स्वास्थ्य संस्थाहरुको संस्थागत सुदृढीकरण,
- सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधारको अवस्था, शैक्षिक गुणस्तर, शैक्षिक सामग्री लागयत शैक्षिक वातावरण सुधार,
- कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरि कृषिजन्य उत्पादनमा आधारित रोजगारी सृजना,
- प्राकृतिक तथा मानवीय क्रियाकलापवाट सिर्जना हुन सक्ने विपद्को समुचित व्यवस्थापन,
- सार्वजनिक सेवा प्रवाह र विकास प्रशासनलाई जनमुखी, गुणस्तरीय र प्रतिफलदायी बनाई प्राप्त उपलब्धिको न्यायोचित वितरण मार्फत सुशासन कायम गर्ने ।

आदरणीय नगरसभा अध्यक्ष ज्यू,

अव म गुजरा नगरपालिकाको नीति तथा कार्यक्रममा प्राथमिकता प्राप्त क्षेत्रहरुसँग सम्वन्धित कार्यक्रम र बजेट विनियोजनको सार संक्षेप प्रस्तुत गर्न चाहन्छु ।

आगामी आ.व. २०८३/०८४ का लागि नेपाल सरकार, प्रदेश सरकार एवं नगरपालिकाको आन्तरिक श्रोत सहित प्राप्त हुने कुल रु.५६ करोड २५ लाख ७० हजार आय र सोही बमोजिमको व्यय हुने गरि आयोजना तथा कार्यक्रमहरु प्रस्ताव गरेको छु । जसमध्ये आन्तरिक स्रोतबाट रु.३ करोड ७३ लाख ७ हजार, संघीय राजश्व बाँडफाँडबाट रु.१३ करोड ६ लाख २० हजार, प्रदेश राजश्व बाँडफाँडबाट रु. १ करोड १५ लाख ९ हजार, संघीय सरकार समानीकरणबाट रु.१३ करोड ३७ लाख, संघीय सशर्त अनुदानबाट रु.२२ करोड ५७ लाख, संघीय समपुरक अनुदान ० लाख, संघीय विशेष अनुदान ० लाख, प्रदेश सरकार समानीकरण रु.९१ लाख ३४ हजार, प्रदेश सरकारको सशर्त अनुदान ०, प्रदेश सरकारको समपुरक अनुदान रु.३० लाख, प्रदेश विशेष अनुदान रु.३० लाख प्रस्ताव गरेको छु । कुल अनुमानित व्यय मध्ये चालु खर्च तर्फ रु.३२ करोड ६४ लाख १ हजार र पुँजीगत खर्च तर्फ रु.२३ करोड ६१ लाख ६९ हजार हुने अनुमान गरिएको छ । आगामी वर्षको लागि प्राप्त हुने अनुमान आय तथा व्ययलाई अनुसूचीमा समावेश गरेको छु । जसको सारांश देहाय अनुसार रहेको छ ।

- वडा स्तरीय कार्यक्रम संचालनका लागि रु.६ करोड ३० लाख विनियोजन गरिएको छ ।
- निर्वाचित जनप्रतिनिधिहरुको अन्तिम कार्यकाल रहेको एवम् जनताहरुको माग समेत सोही अनुरुप भई विगतमा निर्माण भएका तर अधुरो रहेका आयोजन तथा कार्यक्रमहरुलाई सम्पन्न गर्न वजेट विनियोजन गरिएको छ ।
- यो नगरपालिका चारकोषे झाडी जंगलसित जोडिएको र प्रचुर मात्रामा चरिचरण क्षेत्र रहेकोले उन्नत जातको गाई, भैंसी, बाख्रा पालनमा जोड दिइनेछ । जसका लागि यस नगरपालिका भरिका किसानहरुको तथ्याङ्क लिई सवै भन्दा वढि

संख्यमा पशु पालन गरेकाहरुका लागि ३ विधाका लागि प्रति विधा १/१ लाख पुरस्कार अनुदान दिने गरि कार्यक्रम व्यवस्थापन गरेको छु ।

- कृषि उत्पादन तथा वजारीकरणको निम्ती महत्वपूर्ण कृषि सडक निर्माण कार्यलाई निरन्तरता दिईएको छ । यी सवै कार्यक्रमको लागि आवश्यक रकमको व्यवस्था गरेको छु ।
- महिला स्वास्थ्य स्वयंसेवीकाहरुको मनोवल वृद्धि गरि सेवा प्रवाहमा प्रभावकारिता ल्याउन १/१ थान साईकल प्रदान गर्ने गरि वजेट व्यवस्थापन गरिएको छ ।
- आ. व.२०८१/०८२ देखि संचालित आर्थिक समृद्धिका लागि कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता साझेदारी परियोजनालाई निरन्तरता दिइएको छ ।
- उन्नतजातको पशुपंछीका लागि कृत्रिम गर्भधारण (A.I.) गराउने तथा पशुपंछी उपचार सेवालाई प्रभावकारी वनाईने गरि वजेट विनियोजन गरिएको छ ।
- शिक्षा स्वास्थ्य पोषण जस्ता आधारभूत सेवाहरुको कार्यक्रमलाई नगरपालिकाले अपनत्व लिने गरि कार्यक्रम तय् भएको छ ।
- केन्द्र तथा प्रदेश सरकारले निर्णय गरे वमोजिम यस नगरपालिकामा कार्यरत सवै कर्मचारीहरुको न्यूनतम तलव स्केलमा १० प्रतिशतले वृद्धि गरिएको छ । र कार्यसम्पादनमा आधारित सूचकको कार्यान्वयन गर्नका लागि लाग्ने थप १० प्रतिशत रकमको समेत व्यवस्थापन गरिएको छ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकासका लागि चालु कार्यक्रम तर्फ केहि रकम विनियोजन गरिएको छ ।
- न्यायीक समिति तथा मेल मिलाप समितिलाई क्षमतावान र क्रियाशिल बनाउनका लागि थप तालिमको व्यवस्थापन गरिएको छ ।
- रोजगार सेवा केन्द्रमा सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि उपभोक्ता समिति मार्फत संचालन हुने सवै

श्रममूलक आयोजनामा अनिवार्य रुपमा ति श्रमिकहरुलाई प्रयोग गर्ने व्यवस्था मिलाइएको छ ।

<u>राजश्व परिचालन तर्फ :-</u>

<u>नगरपालिकाको राजश्व बृद्धि गर्न देहायका रणनितिहरु अबलम्वन गरिनेछ ।</u>

- नगरपालिका भवनमा रहेका सटर तथा मल्टिकम्प्लेक्सका सटरहरुलाई आईटम वाइज रुपमा भाडा लगाइनेछ ।
- दहतरबहतरको ठेक्का नलागेको कारण एकातर्फ नगरपालिकाको आन्तरिक श्रोत कमि भएको तथा अर्को तर्फ नगरपालिकामा निर्माण हुने संरचनाको लागि निर्माण सामाग्रीको अभाव भएको विषयलाई मध्यनजर गरि समयमै ठेक्का बन्दोबस्त गर्ने तथा ठेक्का बन्दोबस्त हुन नसके नगरपालिका आफैले कर संकलन गर्नेछ ।
- हाटवजारको ठेक्का नलागेको कारण विगतमा नगरपालिकाको आन्तरिक श्रोत कमि भएको विषयलाई मध्यनजर गरि समयमै ठेक्का बन्दोबस्त गर्ने तथा ठेक्का बन्दोबस्त हुन नसके नगरपालिका आफैले कर संकलन गर्नेछ ।
- नगरपालिकामा रहेका ब्याक-हो लोडर, ट्रिपर, ट्र्याक्टर र एम्बुलेन्सहरुलाई भाडामा लगाई आम्दानी गरिनेछ ।
- नेपालको संविधानले व्यवस्था गरे वमोजिम भूमि प्रशासन कार्यालयलाई यही नगरपालिकावाट संचालन गर्ने प्रवन्ध गरिनेछ ।
- करको दायरालाई फराकिलो बनाउन सरोकार पक्षसंग सम्वाद तथा समन्वय गरिनेछ तथा गठित समिति तथा निकायहरुलाई प्रभावकारी वनाईनेछ ।
- व्यवसाय दर्ता तथा घर नक्शा पास गर्ने कार्यलाई तिब्रता प्रदान गरि राजश्व संकलनमा अभिबृद्धि गरिनेछ ।
- राजश्व परिचालन सम्वन्धी विवरण संलग्न आर्थिक विधेयकमा समावेश गरिएको छ ।

अन्त्यमा,

प्रस्तुत बजेटको कार्यान्वयनमा सवै सरोकारवाला पक्षहरुलाई निरन्तर सहयोग, समर्थन र सहकार्यका लागि सकृय भई दिनुहुन निवेदन गर्दछु । आजको कार्यक्रममा सक्रिय एवम् रचनात्मक सहयोग पुर्याउनु हुने नगर कार्यपालिका तथा नगरसभाका सदस्य ज्यूहरु, नगरमा क्रियाशिल राजनैतिक दल, सहकारी तथा निजी क्षेत्र, आम नागरिक, विषयगत समितिहरु, विभिन्न संघ संस्थाहरु, दातृ निकाय, गै.स.स., संचारकर्मी, स्थानीय प्रशासन, लक्षित वर्ग, नागरिक समाज, नगर कार्यपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत लगायत कार्यरत सम्पूर्ण सहकर्मी कर्मचारी साथीहरुप्रति हार्दिक आभार व्यक्त गर्दै धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

रत्न लामा
नगर उप प्रमुख

ईति सम्वत २०८३ साल असार ०८ गते रोज २ शुभम् ........................